५११-५२३

राष्ट्रिय सूचना आयोग
प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
सूचना आयुक्त किरणकुमार पोखरेल
सूचना आयुक्त यशोदादेवी तिम्सिना
आदेश

मु.नं. ५६१/२०७२/०७३
निर्णय नं. ५२३

फ्रिडम फोरम, थापाथली,काठमाडौंका तारानाथ दाहाल समेत ....................................२ पुनरावेदक

विरूद्ध

कार्यकारी अधिकृत (कार्यालय प्रमुख), बूढानीलकण्ठ नगरपालिका कार्यालय,गोल्फुटार,काठमाण्डौ ....१ विपक्षी

सूचना अधिकारी, बूढानीलकण्ठ नगरपालिका कार्यालय, गोल्फुटार,काठमाण्डौ ............ ...........१

विषय :-माग बमोजिमको सूचना उपलब्ध गराईएकोले लगत कट्टा गर्नु ।

फ्रिडम फोरम, थापाथली, काठमाडौंका तारानाथ दाहाल समेतले बूढानीलकण्ठ नगरपालिकाको कार्यालय गोल्फुटार, काठमाण्डौ समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०७।०१ मा पुनरावेदन गरेको तत् पश्चात यस आयोगको मिति २०७२।०७।१७ को आदेश बमोजिम बूढानीलकण्ठ नगरपालिका कार्यालय, गोल्फुटार, काठमाण्डौलाई मिति २०७२।०७।३० च.नं. ५१८ को पत्रद्वारा सूचना दिन लेखी पठाएको । प्रस्तुत सम्बन्धमा उक्त नगरपालिकाको मिति २०७२।०९।०२४, च.नं.१५३७, प.सं. २०७२/०७३ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचनाका सम्बन्धमा उक्त नगरपालिकाले एलजीसिडिपी कार्यक्रम अन्तर्गत सूचनाको हकसम्बन्धी तालिम सञ्चालन नभएको जानकारी यस आयोगमा प्राप्त भएकोले यही पत्रको छाँयाप्रति निवेदकलाई पठाउने । साथै यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत मिसिलको लगत कट्टा गर्नु । यसको जानकारी निवेदकलाई दिनू ।

| | | |
|---|---|---|
| यशोदादेवी तिम्सिना | किरणकुमार पोखरेल | कृष्णहरि बाँस्कोटा |
| (सूचना आयुक्त) | (सूचना आयुक्त) | (प्रमुख सूचना आयुक्त) |

ईति सम्वत् २०७२ साल माघ ०४ गते रोज २ शुभम् ।